खण्ड ७ भागेश्वर, आषाढ १५ गते, २०८० साल (संख्या ६)

# भागेश्वर गाउँपिलका

# स्थानीय राजपत्र

## भाग-२

भागेश्वर गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८०

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०९**

प्रस्तावना

नेपालको संविधानले परिकल्पना गरेको समतामा आधारित समाज निर्माणका लागि लोकतान्त्रीक गणतन्त्र र संघीय संरचना कार्यान्वयनको मर्मलाई आत्मसाथ गर्दै संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व तथा मौलिक हक अन्तर्गत वाल अधिकारका व्यवस्थाहरुलाई वालवालिकाको सर्वोत्तम हितमा कार्यान्वयनमा ल्याउन वालवालिका सम्वन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी नियमावली, २०७८ को कार्यान्वयनका लागि नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीका आधारमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँपालिकाको मिति २०८०।०७ गते वसेको गाउँ कार्यपालिकाको वैठकवाट यो कार्यविधि पारित गरेको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८०" रहेको छ ।

२. यो कार्यविधि भागेश्वर गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२.क. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्दछ ।

(ग) "कार्यविधि" भन्नाले भागेश्वर गाउँपालिकाको "बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी कार्यविधि, २०८०" लाई सम्झनुपर्छ ।

(घ) "परिषद" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ र त्यसको नियमावली अन्तर्गत गठन भएको राष्ट्रिय बालअधिकार परिषद् सम्झनुपर्दछ ।

(ङ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले यस कार्यविधि अर्न्तगत गठन भएको भागेश्वर गाउँपालिका बालअधिकार समिति र प्रत्येक वडामा गठन भएका वडा बालअधिकार समिति भन्ने सम्झनुपर्दछ ।

(छ) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेखित विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका सम्झनुपर्दछ ।
"अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ ।

(जं) "बालबालिका विरुद्ध कसुर" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ मा तथा सुदूरपश्चिम प्रदेश सरकारको बालबालिका सम्बन्धी ऐन नियममा उल्लेखित कसुरहरु सम्झनु पर्दछ ।

(झ) "बालकल्याण अधिकारी" भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा ६१ अनुसार भागेश्वर गाउँपालिकामा नियुक्त वा तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(ञ) "स्थानीय बाल कल्याण सहजकर्ता" भन्नाले भागेश्वर गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८० को दफा ८ बमोजिम स्थानीय स्तरमा गाउँपालिकाबाट नियुक्त भएको वा तोकिएको सहजकर्ता सम्झनु पर्दछ ।

(ट) "समाजसेवी" भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा ६२ अनुसार भागेश्वर गाउँपालिकामा सूचिकृत समाजसेवी तथा सामाजिक कार्यकर्ता सम्झनु पर्दछ। यस शब्दले यसरी सूचिकृत संघ संस्थालाई समेत जनाउनेछ ।

(ठ) "बाल मनोविज्ञ" भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा ६२ अनुसार भागेश्वर गाउँपालिकामा सुचीकृत बालमनोविज्ञ तथा मनोसामाजिक कार्यकर्ता सम्झनु पर्दछ। यस शब्दले यसरी सूचीकृत संघ संस्थालाई समेत जनाउनेछ ।

(ड) "स्थानीय तह" भन्नाले भागेश्वर गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ण) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(त) "वडा अध्यक्ष" भन्नाले भागेश्वर गाउँपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्छ ।

थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भागेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(द) "लेखा शाखा प्रमुख" भन्नाले भागेश्वर गाउँपालिकाको लेखा शाखा प्रमुखको काम गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ध) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(न) "बाल गृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र प्रचलित कानुन बमोजिम दर्ता भै परिषद्बाट अनुमति लिएर विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये ऐनको दफा ४९ बमोजिम प्राथमिकताका आधारमा बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पको रुपमा पठाइएका बालबालिकाको आवासीय संरक्षण प्रदान गर्ने र ऐनको दफा ६९ बमोजिम अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

प) "बाल क्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्ष पूरा नभएका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार सम्बन्धित स्थानीय तहमा दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्छ ।

(फ) "बाल सञ्जाल" भन्नाले यस कार्यविधि बमोजिम वडा स्तरमा गठन भएको बाल क्लब वा संस्थाहरुको सञ्जाल सम्झनुपर्छ ।

(ब) "प्रदेश मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(भ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(म) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रचलित कानुन बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(य) "बालकोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका तथा बालबालिकाको उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका संरक्षण सहायताका लागि भागेश्वर गाउँपालिका र वडा कार्यालयमा खडा गरिएको बाल कोष भन्ने सम्झनु पर्छ ।

(र) "सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने अन्य निकायहरुलाई सम्झनु पर्छ ।

(ल) यस कार्यविधिमा उल्लेख भएका अन्यको शब्दावली नेपाल सरकारको बालबालिका सम्वन्धी ऐन, २०७५ र सुदूरपश्चिम प्रदेशको बालबालिका सम्वन्धी ऐन २०७७ अनुसार परिभाषित भए वमोजिमको हुनेछ ।

## परिच्छेद २

उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन ।

(१) स्थानीय तहमा बालबालिका सम्बन्धी कानुन र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्नु ।

(२) स्थानीय तहमा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्बन तथा प्रवर्द्धन गर्नु

(३) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्नु ।

## परिच्छेद ३

## बाल अधिकार कार्यान्वयन र संरक्षणको व्यवस्था

४. भागेश्वर गाउँपालिकाले तपसिल बमोजिमका बालअधिकार सम्बन्धी मापदण्डहरु लागु गर्नेछ ।

**(१) विद्यालयमा बालअधिकार सम्वन्धी मापदण्ड**

(क) विद्यालयका भौतिक पुर्वाधार सुरक्षित बालमैत्री तथा अपाङ्गतामैत्री हुनेछ ।

(ख) सबै बिद्यालय परिसर पर्खाल वा घेराबार लगाई सुरक्षित तथा चौपाया आदिको प्रवेश नियन्त्रणको व्यवस्था भएको हुनेछ ।

(ग) विद्यालयलाई शान्ति क्षेत्र कायम गरिनेछ ।

(घ) प्रचलित कानुन बाहेक बिनाकारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालबाट निश्कासन गरिने छैन ।

(ङ) प्रत्येक बालबालिकाले प्रारम्भिक बाल विकास तथा शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ ।

(च) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवं अभिभावक तथा आगन्तुकहरुले बालबालिकाबिच कुनै पनि प्रकारका भेदभाव, शारिरिक तथा मानसिक एवं यौन हिंसा र दुर्व्यवहार, अवहेलना गर्न निषेध गरिएको छ ।

(छ) प्रत्येक विद्यालयमा सफा र शुद्ध पिउने पानी, शौचालयमा पर्याप्त पानीको ब्यबस्था, किशोरीहरुका लागि महिनावारी प्याड तथा प्राथमिक उपचार बाकसको ब्यबस्था एवं जुनीयर रेडक्रस सर्कल तथा स्काउट ट्रुप गठन गरी सञ्चालन गरिनेछ ।

(ज) प्रत्येक विद्यालयमा साप्ताहिक रुपमा बालबालिकाको प्रतिभा प्रस्फुटन, सृजना तथा खेलकुद र साहित्यका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

(झ) विद्यालयमा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने आदि जस्ता कार्य गर्नको लागि निषेध गरिनेछ ।

(ञ) विद्यालयहरुमा विद्यालयसँग सम्बद्ध सरोकारवालाहरुको आचार संहिता बनाई लागु गरिनेछ । आचार संहिताको नमुना अनुसुची १ मा उल्लेख गरिएको छ ।

**(२) स्वास्थ्य संस्थामा बालअधिकार सम्वन्धि मापदण्ड**

(क) स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार सरसफाइयुक्त, सुरक्षित र बालमैत्री हुनुपर्नेछ ।

(ख) स्वास्थ्य संस्थाहरुले समय समयमा निःशुल्क औषधी र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन् ।

(ग) निजी स्वास्थ्य संस्थाहरुले गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक बस्तीलाई आफ्नो सेवा क्षेत्र मानी निःशुल्क औषधी तथा उपचार सेवा प्रदान गर्नेछन् ।

(घ) स्वास्थ्य कार्यकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई बाल अधिकार, बाल संरक्षण विषयमा प्रशिक्षित र परिचालन गरिनेछ ।

(ङ) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रबाट न्युनतम बार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्वन्धी कार्यक्रम बस्ती तथा विद्यालयस्तरमा सञ्चालन गरिनेछ ।

(च) बालबालिकालाई पुर्ण खोप सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरुलाइ परिचालन गरिने छ ।

(छ) गाँउपालिकाले पालिकाभित्रका सबै बालबालिकालाई गाँउपालिकाले तोके बमोजिमका खोपहरुको निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(ज) निःशुल्क उपलब्ध हुने खोपहरुको सार्वजनिक जानकारीका लागि गाँउपालिकाले सबै वडामा खोपको प्रकार र लगाउनुपर्ने तालिकाहरु उल्लेख गरी जानकारी बोर्डको व्यवस्था गर्नेछ ।

(छ) गाँउपालिकाभित्रका बालबालिकाको खण्डिकृत सूचना व्यवस्थापन गरी खोप लगाएका वा नलगाएका बालबालिको पहिचान गरिनेछ ।

(ज) तालिका बमोजिम खोप नलगाएका बालबालिकालाई वडा कार्यालयहरुमार्फत खोपको लागि पारिवारिक परामर्श तथा सहजीकरण गरिनेछ ।

(झ) गाँउपालिकाले आफ्नो क्षेत्रमा बसोबास गर्ने बालबालिकाको पोषणको अवस्थाको बारेमा वडा कार्यालयहरुमार्फत प्रत्येक ६/६ महिनामा तथ्याङ्क तथा जानकारी संकलन र अद्यावधिक गर्नेछ ।

(ञ) पोषण नपुगेका बालबालिकालाई उचित पोषणको व्यवस्थाका लागि आवश्यकता अनुसार गाँउपालिकाले पारिवारिक परामर्श, पारिवारिक सहयोग तथा पोषण सामग्री सहयोग गर्नेछ ।

(३) <u>गाउँपालिका तथा वडा कार्यालयहरुमा बाल अधिकार सम्वन्धी मापदण्ड</u>

(क) गाउँपालिका तथा वडा कार्यालय एवं मातहतका कार्यालयहरुमा अपाङ्गतामैत्री तथा वालमैत्री पुर्वाधार निर्माण गरिनेछ ।

(ख) गाउँपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा बालअधिकार तथा बालमैत्री ब्यबहार र बालमैत्री शासन अभ्यास सम्वन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ग) गाउँपालिका तथा वडा कार्यालयहरुले योजना निर्माण, अनुगमन तथा सार्वजनिक सुनवाइका समयमा बाल सञ्जालका प्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउने छन् ।

(घ) सबै सरकारी सेवा प्रदाय कार्यालयहरुमा आवश्यक मापदण्ड अनुसार स्तनपान कक्षको स्थापना गरिनेछ।

**(४). <u>सार्वजनिक स्थल तथा निर्माणका कार्यमा बाल अधिकार मापदण्ड</u>**

(क) प्रत्येक वडामा न्युनतम एक बाल उद्यानको निर्माण र सञ्चालन हुनेछ ।

(ख) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना र सञ्चालन हुनेछ ।

(ग) गाउँपालिकास्तरमा बाल सृजना केन्द्रको स्थापना हुनेछ ।

(घ) सार्वजनिक स्थलहरु मदिरापान, धुम्रपान तथा लागुऔषध निषेधित क्षेत्र कायम हुनेछ ।

(ङ) सार्वजनिक स्थलहरुमा अश्लिल सामाग्री चित्र, तस्विर बनाउन, अश्लिल गतिविधी गर्न निषेधित हुनेछ ।

(च) सार्वजनिक तथा निजी निर्माण कार्यहरु गरिरहँदा सुरक्षा व्यवस्था अपनाउन, खासगरी बालबालिकाको सुरक्षा सुनिश्चित गर्ने दायित्व निर्माण व्यावसायी, निजि निर्माणकर्ताको हुनेछ ।

**(५) <u>परिवार तथा समुदायमा अवलम्बन गरिने बाल अधिकार सम्वन्धी मापदण्ड</u>**

(क) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानुन बमोजिम ३५ दिन भित्र गरि सक्नु पर्नेछ

(ख) प्रत्येक परिवारले ३ देखि ५ बर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास तथा ५ देखि १७ बर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउनु पर्नेछ ।

(ग) कुनै पनि परिवारले आफ्ना बालबालिका र समुदायका बालबालिकालाई लिंग, जाति, धर्म रंग, पारिवारिक हैसियत तथा शारीरिक/यौनिक अवस्थाका आधारमा भेदभाव गर्ने छैनन् ।

(घ) प्रत्येक परिवारले आफ्ना बालबालिकालाई पर्याप्त पोषण, खोप, नियमित स्वास्थ्य सेवा तथा खेल मनोरन्जनको अवसर प्रदान गर्नेछ ।

(ङ) कुनै पनि सामाजिक पर्व, बिहे, भोज आदिमा बालबालिकाको सुरक्षा र अवसरमा बालबालिकालाई पहिलो प्राथमिकता दिनेछ ।

(च) समुदायमा कसैले पनि बालबालिका विरुद्ध हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव गरेमा वा त्यस्ता घट्ना हुन लागेको थाहा भएमा प्रहरी कार्यालय/स्थानीय बाल अधिकार समिति वा न्यायिक समितीमा अनुसुची २ बमोजिम उजुरी गर्नुपर्नेछ । यसरी उजुरी प्राप्त भइसकेपछि स्थानीय बालअधिकार समितिले अनुसुची ३ बमोजिम यसको अभिलेख राख्नुपर्नेछ ।

(छ) परिवारभित्र अभिभावक तथा बाबुआमाले बालबालिकासँग पारिवारिक अवस्था, बालबालिकाको आवश्यक्ता र समस्याहरुका बारेमा नियमित परामर्श गर्नेछन् ।

(ज) अभिभावक तथा बाबुआमाले बालबालिकाका लागि उपलब्ध गराइएको सामाजिक संरक्षण सुविधा छात्रवृत्ती, सामाजिक सुरक्षा भत्ता, पोषण भत्ता आदि) सम्बन्धित बालबालिकाको लागि तोकिएको प्रयोजनमा नै लगानी गर्नुपर्नेछ ।

(झ) अभिभावक तथा बाबुआमाले बालबालिकाको आम्दानी तथा बचतलाई १८ बर्ष उमेर पुरा भए पछि फिर्ता लिन सक्ने गरी नजिकैको सहकारी वा बैंकमा खाता खोली सुरक्षित राखिदिनु पर्नेछ ।

(ञ) कुनै पनि अभिभावक वा परिवारले आफ्नो परिवार भित्रका २० वर्षभन्दा कम उमेरका व्यक्तिको विवाह गराउन पाइने छैन् । यस्तो कार्य गर्ने गराउने ब्यक्तिहरुलाई सरोकारवाला जानकार व्यक्तिले जानकारी प्राप्त गरेमा तत्काल सुझाव सल्लाह दिनुपर्नेछ । अटेरी गर्नेलाई कानूनी दायरामा ल्याई कारवाहीको प्रकृया अगाडी बढाईनेछ ।

**(६). स्थानीय बजार व्यवस्थामा बालअधिकार सम्वन्धी मापदण्ड**

(क) कुनैपनि सार्वजनिक निकाय, विद्यालयभन्दा १०० मिटरको दुरी भित्र मदिरा, चुरोट तथा सुर्ती लगायतका सामाग्री बिक्रि वितरण तथा उपभोग गर्न निषेध गरिएको छ ।

(ख) विद्यालय तथा सार्वजनिक निकाय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदाथ, चुरोट रक्सी तथा अश्लिल साहित्यसँग सम्वन्धी तस्विर, होर्डिंग बोर्ड, पोस्टर पम्प्लेट लगायतका प्रचार प्रसार गर्न निषेध गरिएको छ ।

(ग) सार्वजनिक निकाय तथा विद्यालयहरुमा प्रयोग गरिएको इन्टरनेट प्रविधिमा सेवा प्रदायकले अनिवार्य रुपमा अश्लिल सामग्रीहरु प्रसारण रोक्ने व्यवस्था गर्नेछ ।

(घ) १८ बर्ष भन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ सामाग्री खरिद विक्री वितरण गर्न निषेध गरिएको छ ।

(ङ) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित भएका खेलौना तथा खाद्य पदार्थहरु बजारमा बिक्री वितरण गर्न निषेध गरिएको छ भने १८ वर्ष भन्दा कम उमेरका वालवालिकालाई जोखिम पूर्ण काममा लगाउन पाइने छैन ।

(च) कुनै पनि उद्योग व्यवसायले १४ बर्ष भन्दा कम उमेरका बालबालिकालाई श्रमिकको रुपमा लगाउन निषेध गरिएको छ ।

(छ) स्थानीय सहकारी वा बैंकहरुले बालबालिकालाई उपलब्ध गराएको बचत सेवामा अन्यलाई भन्दा थप सुविधा उपलब्ध गराउनपर्नेछ र त्यस्ता सुविधाबापत प्रचलित कानुनमा तोकिएको बाहेक अन्य कुनै थप सेवा शुल्क लिन पाउने छैन ।

## परिच्छेद -४

## बालबालिकाका लागि उपलब्ध सेवाहरु

५.. नेपालको संविधान अनुरुप बाल अधिकारको सुनिश्चितता तथा सर्वोत्तम हितको कार्यान्वयन गर्न गाउँपालिकाले देहायका सेवाहरु उपलब्ध गराउनेछ :

**(१) बालबालिकाको स्वास्थ्य तथा पोषण सम्वन्धी सेवाहरु**

(क) गर्भवती महिलालाई निःशुल्क रुपमा मासिक स्वास्थ्य सेवा, आइरन चक्कि तथा श्रीमान् एवं परिवारलाई सरक्षित मातृत्व सम्बन्धी परामर्श सेवा ।

(ख) गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुमा निःशुल्क सुत्केरी सेवा तथा तोकिए बमोजिमको पोषण सेवा ।

(ग) नवजात शिशुलाई नियमित स्वास्थ्य जाँच तथा तोकिएको खोप सेवाहरु निःशुल्क उपलब्ध गराइनेछ

(घ) प्रत्येक वडा तथा विद्यालयमा नियमित बाल स्वास्थ्य शिविर (निःशुल्क परिक्षण तथा औषधी सहित) वार्षिक रुपमा न्युनतम २ पटक आयोजना गरिनेछ । विद्यालय नर्सको व्यवस्थाका लगी पहल कदमी गर्ने ।

(ङ) एक परिवारमा ५ वर्ष भन्दा कम उमेरका २ सन्तानलाई तोकिए बमोजिम पोषण उत्प्रेरणा सेवा उपलब्ध गराइनेछ ।

(च) अभिभावक तथा समुदायमा बाल पोषण, बाल अधिकार, बालबालिकाको लागि लगानीका विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) बालबालिकाको पहिचानसँग सम्बन्धित**

(क) गाउँपालिकामा भएका सबै बालबलिकाको जन्मदर्ता गरिएको हुनेछ । प्रत्येक बालबालिकालाई कानुन बमोजिम जन्म दर्ताको अधिकार सुनिश्चित गरिनेछ ।

(३) बालबालिकाको शिक्षा र विकाससँग सम्बन्धित

(क) ५ देखी १५ बर्ष उमेरका बालबालिकालाई कुनै पनि आधारमा आधारभुत कक्षामा भर्ना हुन तथा निःशुल्क शिक्षा पाउनबाट बन्चित गरिनेछैन । विभिन्न हिंसा, दुव्यवहार तथा जोखिममा रहेका बालबालिकाहरुको निःशुल्क शिक्षामा पहुँच तथा निरन्तरता दिनका लागी पारिवारिक सचेतना तथा विभिन्न प्रोत्सहानका कार्य्रमहरु संचालन गर्ने।

(ख) गाउँपालिका भित्रका बालबालिकालाई प्राविधिक शिक्षा उपलब्ध गराउन स्थानीय तह भित्र कम्तिमा एक वटा प्राविधिक विद्यालय संचालन गरिनेछ ।

(ग) प्रत्येक विद्यालयले साप्ताहिक रुपमा बालबालिका लक्षित सृजनात्मक तथा खेलकुद गतिविधि सञ्चालन गर्नेछन् ।

(घ) बाल क्लब तथा सञ्जालहरुलाई बालबालिकाको व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गर्न, सचेतना कार्यक्रमहरु गर्न तोकिए बमोजिम सहायता प्रदान गरिनेछ ।

(४) बाल संरक्षणसँग सम्बन्धित

(क) बालबालिका विरुद्ध कुटपिट भेदभाव तथा शिक्षा स्वास्थ्य पोषणबाट बन्चित भएमा वा अधिकार उल्लंघन तथा हनन भएमा न्यायिक समितिबाट निःशुल्क सुनवाइ गरिनेछ ।

(ख) हिंसा दुर्व्यवहार प्रभावित बालबालिकाको लागि निःशुल्क अस्थायी संरक्षण, मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

(ग) बाल बिज्याइ गरेका गाउँपालिकाभित्रका बालबालिकाका लागि निःशुल्क मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

(घ) हिंसा तथा अपराधवाट प्रमाणित एवं पिडित बालबालिकाका लागि पुनर्स्थापना सेवा प्रदान गरिनेछ ।

(ङ) गाउँपालिकाभित्र परिवारसँगै बसोबास गरिरहेका बालबालिकालाई क्षमता विकास, खेलकुद प्रतिस्पर्धा, पर्यटन आदिका लागि वडा अध्यक्षको अनुमती वेगर गाउँपालिका बाहिर पठाउन निषेध गरिनेछ

(च) स्थानीय प्रहरी प्रशासनबाट बस तथा यातायातका साधनमा बालबालिका ओसारपसारको अनुगमन गरिनेछ।

(छ) गाउँपालिकाभित्र स्थायी बसोबास भइ अन्यत्र गएका बालबालिकाको अवस्था जाँच, श्रममा संलग्न बालबालिकाको घरफिर्ती तथा हराएका बालबालिकाको खोजी कार्य गरी पारिवारिक पुर्नमिलन गरिनेछ ।

**६. <u>बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता</u>:**

(१) स्थानीय तहमा बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा निकायले देहायको प्रक्रियाबाट बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता गर्न सक्नेछ ।

(क) बालबालिकाले प्रत्यक्ष सहभागी हुने स्थानीय तहले मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको लेखाजोखा गर्नेछ ।

(ख) बालबालिकालाई सेवा प्रदान गर्ने निकायहर बालमैत्री बनाउन स्थानीय तहले निर्देशन लिने, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्न सक्नेछ ।

(ग) बालमैत्री र बाल सुरक्षित नभएका निकायहरुलाई सेवा प्रदान गर्नबाट बालमैत्री नभएसम्मका लागि स्थानीय तहले सेवा प्रदान गर्नबाट रोक लगाउन सक्नेछ ।

**२. बालश्रम रोकथाम र निषेध गरिनेः-**

(क) गाउँपालिकालाई बालश्रममुक्त बनाउनका लागि स्थानीय बाल अधिकार समितिले बालश्रम मुक्त गाउँपालिका अभियान सञ्चालन गर्नेछ ।

(ख) अभियानका लागि गाउँपालिकाभित्र होटल, घर, रेस्टुरेन्ट, कारखाना, उद्योग, निर्माण ब्यवसाय, सार्वजनिक स्थान, अन्य ब्यवसाय, सडक लगायतका क्षेत्रका यदी कसैले कानून विपरित बालश्रम प्रयोग गरिरहेको भए यस्ता कार्यहरु तत्काल रोक्न र त्यस्ता बालबालिकालाई सम्बन्धित परिवारमा नै पुनर्मिलन गराउन एक पटक ३० दिनको सार्वजनिक सूचना जारी गरिनेछ ।

(ग) सूचनाको अवधि समाप्त भए पश्चात पनि गाउँपालिकपालिका क्षेत्रभित्र कहीं बालश्रमको प्रयोग भएको थाहा भएमा बालबालिका खोजतलास सेवा (१०४) तथा परिषद्सँगको समन्वयमा बालश्रमिकको उद्दार गरी संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको ब्यबस्था गरिनेछ र सम्बन्धित रोजगारदातालाई कानुनी कारवाहीका लागि सम्बन्धित श्रम कार्यालयमा लेखि पठाइनेछ ।

(घ) गाउँपालिकाभित्र दर्ता भएका तथा सञ्चालनमा रहेका सबै ब्यवसाय तथा घरधनीहरुले आफ्नो घर तथा ब्यबशायमा बालश्रम प्रयोग नगरेको स्वघोषणा गर्नुपर्नेछ ।

(ङ) बालश्रम प्रयोग नगर्ने तथा निषेध गर्ने ब्यबशाय तथा घरधनीहरुलाई प्रोत्साहनका लागि गाउँपालिकाले विशेष सचेतना तथा प्रोत्साहनमुलक कार्यक्रम एवं अनुगमन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(च) गाउँपालिकले बालश्रम अन्त्य तथा रोकथामका लागि बालश्रम आउने अन्य स्थानीय तहहरुसँग सहकार्य तथा समन्वयका कार्य गर्न सक्नेछ ।

## परिच्छेद ५

## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

**७..बाल सहभागिताको अभ्यासः**

(१) स्थानीय तहले आफ्नो धारण बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने प्रक्रियामा बाल सहभागिताको अभ्यास गर्नेछ ।

(२) स्थानीय तहको आफ्नो क्षेत्रभित्रका घर वरिवार विद्यालय तथा सामुदायिक सस्थाले गर्ने कार्यहरुमा बाल सहभागिताको अभ्यास प्रवर्द्धन गर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भए बमोजिम बाल सहभागिताको अभ्यास, संरक्षक तथा परिवारका अन्य सदस्यहरु तथा विद्यालय सार्वजनिक निकाय तथा सस्थाको कर्तव्य हुनेछ ।

**८ बाल सहभागिताका प्रवर्द्धनका नाममा गर्न नहुने कार्यहरु :**

(१) बालसहभागिताको नाममा व्यक्ति, संस्था, सार्वजनिक निकायले देहायका कामहरु गर्न, गराउन वा त्यसो गर्न कसैलाई दुरुत्साहन गर्नु हुदैन :-

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउने तर बुबाआमा वा संरक्षकको लिखित मन्जुरीमा कुनै प्रतियोगितामा भाग लिन सक्छन् । यसरी भाग लिएका बालबालिकाका शिक्षा सुनिश्चित गर्न वैकल्पिक योजना बनाउनु पर्नेछ ।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकास असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने

(ग) बालबालिकालाई आमाबुबा, संरक्षक, विद्याललय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले ऱ्याली, जुलुस, सभा आदिमा सहभागी गराउने,

(घ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने,

(ङ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लव वा संस्था वा तिनको सञ्चालन मार्फत गराउनु पर्नेछ । तर बालबालिकालाई आफै प्रत्यक्ष फाइदा पुर्याउने उदेश्यले उनीहरुलाई शारीरिक तथा मानषिक रुपमा प्रतिकूल असर नपर्नेगरी वातावरण अनुकुलका सामाजिक तथा सहभागितात्मक क्तियाकलापहरुमा सहभागी गराउन यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

**९ बाल क्लव वा संस्था दर्ता तथा नववीकरण :**

(१) बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बाललक्लव वा संस्था सुचिकृत अनुसुची ४ अनुसारको निवेदन र अनुसुची ५ अनुसारको बालक्लवको विधान सहित पेश गर्नु पर्दछ ।

(क) बालक्लव वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदताृको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस पत्र

(ख) बालक्लवको नाम बालबालिकाहरुको आपसी छलफलका आधारमा तय गरिनेछ । तर कुनै संस्थाको नाम जोडेर बालक्लवको नाम राख्न पाईने छैन । विद्यालयको हकमा नाम जोड्न सकिनेछ ।

(ग) बालक्लव वा संस्थाको उदेश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(घ) बालक्लव वा संस्थाको सदस्यताको किसिम,सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि ।

(२) उपनियम (१) बमोजिम निवेदन आएमा सम्बन्धित स्थानीय तहको बालक्लवव वा संस्था सुचिकृत गरी बालकल्याण अधिकारीको अनुसूची ६ बमोजिमको प्रमाणपत्र दिनेछ । सुचिकृत बालक्लवहरुको अभिलेख अनुसूची ७ अनुसारको दर्ता कितावमा राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको बालक्लव वा संस्थाले प्रत्येक वर्ष स्थानीय तहमा देखाएको विवरण खुलाई नवीकरणको लागि निवेदन दिन सक्नेछन् :

(४) उपनियम (३) बमोजिम निवेदन आएमा स्थानीय तहले बालक्लव वा संस्थाको नवीकरण गरिदिनेछ । नवीकरणको लागि अनुसूची ८ अनुसारको नविकरण अभिलेख कितावमा राख्नु पर्नेछ ।

(५) बालक्लव वा संस्था सुचिकृत र नवीकरण तथा सिफारिस गरे वापत कुनै शुल्क लिइने छैन ।

(६) प्रत्येक बालक्लव वा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरुको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म आठराई भागेश्वर गाउँपालिका तथा स्थानीय बाल अधिकार समितिमा पठाउनु पर्नेछ ।

(७) स्थानीय बाल अधिकार समितिले बालक्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ । उसैगरी प्रत्येक प्रदेश बाल अधिकार समितिले उक्त जानकारीको संक्षिप्त विवरण प्रत्येक असार महिनाको मसान्तसम्म राष्ट्रिय बाल अधिकार परिपद्मा पठाउनु पर्नेछ ।

(८) बालक्लव वा संस्थाले तीन वर्षसम्म सम्बन्धित स्थानीय तहमा नवीकरण नगरेमा उक्त बालक्लव वा संस्था स्वत : खारेज हुनेछ ।

**१० बालक्लव सञ्जाल गठन, तथा सञ्चालन**

(१) बालक्लवहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकीकरण गर्न, बाल सहभागितालाई संस्थागत गर्न र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बालक्लव सञ्जालको गठन गर्न सकिनेछ ।

(२) भागेश्वर गाउँपालिकामा १ वटा बालक्लव सञ्जाल अनिर्वाय रुपमा गठन गर्नुपर्नेछ । सबै बाल सञ्जालको आबद्धता वडा समितिको सिफारिसमा भागेश्वर गाउँपालिका सँग रहनेछ । वडा बाल सञ्जालको संरक्षक वडा अध्यक्ष रहनेछन् र पालिकास्तरीय बाल सञ्जालको संरक्षकत्व भागेश्वर गाउँपालिका प्रमुख/अध्यक्षले ग्रहण गर्नेछन् ।

(३) बाल क्लव सञ्जाल गठन गर्नका लागि (भागेश्वर गाउँपालिका र वडा) तहमा भागेश्वर गाउँपालिकामा आवद्धता भएका बालक्लवहरुका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) वडा स्तरिय सञ्जाल गठन गर्न प्रत्येक बालक्लवबाट १ बालक, १ बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका अल्पसख्यक समुदायका बालबालिका गरि ३ जना सहभागी भई आयोजना भएको बालक्लवहरुको भेलाले वडा तहमा बढीमा ११ सदस्यीय वडा स्तरीय बालक्लव सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ ।

(५) वडा स्तरीय भेलाबाट भागेश्वर गाउँपालिका सञ्जाल निर्माणको लागि प्रत्येक वडा बाट २ बालक, २ बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका अल्पसख्यक समुदायका बालबालिका गरि ५ जना प्रतिनिधि छनौट गरी पालिका स्तरीय बालभेलामा प्रतिनिधित्व गर्नुपर्नेछ । प्रत्येक वडाको प्रतिनिधिहरु मध्येबाट भागेश्वर गाउँपालिका स्तरीय १५ सदस्यीय बालक्लव सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाधयक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा बालिका हुनुपर्नेछ ।

(६) वडा तथा भागेश्वर गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र भागेश्वर गाउँपालिका कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । सुचिकृतका लागि अनुसुची ४ अनुसारको निनवेदन लिई अनुसुची ५ अनुसारको बालक्लव सञ्जालको विधान, अनुसुची ६ को प्रमाणपत्र भागेश्वर गाउँपालिका बालकल्याण अधिकारी वा तोकिएको अधिकारीबाट प्रमाणित गरी बालक्लव सञ्जालहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

७) बाल सञ्जाल दर्ता र नविकरण गरे वापत कुनै शुल्क लिइने छैन ।

८) बाल सञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वत : खारेज हुनेछ ।

**११. बाल क्लवको काम, कर्तव्य र अधिकार :**

बाल क्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, बक्तित्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरुका अभिभावक, र परिवारका अन्य सदस्यहरुलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाइ प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गर्दै बालबालिकामा प्रतिभाको प्रस्फुटन गर्ने गराउने,

(घ) बालबालिकालाई जीवनपयोगी सीपको बारेमा जानकारी गराउने,

(ङ) बाल क्लवलाई बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रुपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रुपान्तरण गर्न सक्ने साधनको रुपमा बाल क्लवलाई परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतना गतिविधिहरु सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन र सामानिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरुको विरुद्ध रचनात्मक आवाज उठाउने

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने,

(ट) सम्बन्धित पालिका तथा आफ्नो वडाभित्रटोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सकृय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्द्धनका लागि र्निधारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा पालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

(ढ) क्लवलाई आफुलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढीमा पाँच जना साधारण सदस्यहरु सम्मिलित उप समितिहरु गठन गर्न सक्ने ।

**१२. बाल सञ्जालको काम, कर्तव्य र अधिकार :**

**(१) बाल क्लव सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) आफ्नो क्षेत्रभित्रका बालक्लवहरुको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने ।

(ख) आबद्ध बालक्लबहरुको गतिविधि सञ्चालन गर्न सञ्जाललाई स्थानीय वडा भागेश्वर गाउँपालिका तथा अन्य सहयोगी संस्थाहरुबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने । बालक्लवले सम्पन्न गर्न सक्ने यसै निर्देशिकामा तोकिएका कार्यहरु गर्न आवश्यक सहयोग समन्वय र सहजीकरण गर्ने ।

(ग) बालक्लवहरुको सञ्चालन गरेका कार्यक्रमहरुमा अतिथिको रुपमा उपस्थित भई बालक्लवका अन्य साथीहरुलाई हौसला प्रदान गर्ने । तर, यस्ता किसिमका गतिविधिहरु सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरुको पढाइलाई असर नपर्नेगरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने,

(घ) बालअधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरु बालक्लवहरुमार्फत प्रभावकारी रुपले सम्पन्न गर्न विभिन्न उपसमितिहरुको गठन गरी सञ्चालन पदाधिकारीहरुका बीचमा कार्य विभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने,

(ङ) स्थानीय पालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरुमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लवहरुको तर्फबाट आएको योजना तथा सुझावहरु समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ,

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरुद्ध बालक्लवको तर्फबाट आवश्यक पहल र पैरवी गर्ने साथै यस्ता किसिमका घटनाका विरुद्ध सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यान आकर्षण गराउने, सहकार्य र समन्वय गर्ने ,

(छ) बालक्लवहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने ।

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बाल विवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरुमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(झ) बालक्लव तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसस्था तथा सरोकारवालाहरुबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरुले सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा स्थानीय तह र स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ट) बालक्लवहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकी करण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्ने ।

**(२) बाल क्लव तथा सञ्जालले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरुको सीमा देहाय बमोजिम हुनेछ :**

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुप्रयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्‍याउने कार्य ।

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु, तर प्रतिस्पर्धा, आवासिय तालिम वा आयोजकहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरु जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउने कार्यहरु ।

(छ) बाल समुह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु

(ज) सिँगो परियोजना सञ्चालन गर्ने वा ठुला र लामो समयका गतिविधिहरु सञ्चालन गर्ने कार्य ।

(झ) आर्थिक जिम्मेवारी लिई गरिने कार्यहरु ।

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाइ बाल अधिकारकर्मी, स्थानीय बाल अधिकार समिति तथा बालमैत्री शासन समन्वय समितिको

परामर्शमा सुरक्षा निकाय वा भागेश्वर  गाउँपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

१३. बालक्लव वा संस्था र बाल सञ्जालको आर्थिक दायित्व:

(१) बालक्लव वा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक दायित्व दिन हुदँदैन ।

(२) बालक्लव वा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व ब्यहोर्ने गरी सञ्चालन गनुपर्नेछ ।

(३) बालक्लव वा संस्था र बाल सञ्जालले सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गनुपर्नेछ ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ ।

## परिच्छेद ६
## बालअधिकार कार्यान्वयनका लागि संस्थागत व्यवस्था

१४. स्थानीय बाल अधिकार समिति गठन: (१) स्थानीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

| | |
|---|---|
| (क) स्थानीय तहको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना | अध्यक्ष |
| (ख) गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्यहरु | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना | सदस्य |
| (घ) गाउँपालिकाले तोकेको लैङ्गिक सम्पर्क शिक्षकमध्ये १ जना | सदस्य |
| (ङ) गाउँपालिकाले तोकेको सूचीकृत समाजसेवी वा समाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञमध्ये १ जना | सदस्य |
| (च) गाउँपालिकाको महिला बालबालिका/सामाजिक विकास, शिक्षा र स्वास्थ्य शाखा हेर्ने प्रमुखहरु एक/एक जना  गरी ३ जना | सदस्य |
| (छ) गाउँपालिका स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना | सदस्य |
| (ज) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनित गरेका कम्तीमा एक जना  महिला सहित २ जना | सदस्य |
| झ) गाउँपालिका भित्रको प्रहरी कार्यालयका प्रतिनिधि १ जना | सदस्य |
| ञ) महिला स्वास्थ्य स्वयमसेविकाबाट १ जना | सदस्य |
| ट) गाउँपालिका भित्र कार्यरत पत्रकार महासंघका प्रतिनिधि १ जना | सदस्य |
| ठ) बाल कल्याण अधिकारी वा सो कार्य गर्न तोकिएको कर्मचारी १ जना | सदस्य सचिव |

(२) उपदफा (१)  को खण्ड (ग), (घ),(ङ) (ज), (ञ) र (ट) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (ज)) बमोजिम सदस्यमा मनोननयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ :–

(क) नेपाली नागरिक,

(ख) पञ्चीस वर्ष उमेर पूरा भएको,

(ग)) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रविणता प्रमाण-पत्र तह वा कक्षा १२ उत्तीण गरेको,

(घ) भ्रष्टाचार, जर्बरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागु औषध बिक्री, वितरण तथा अपराध, बालबालिका विरुद्धको कसूर, बाल अधिकार हनन् वा नैतिक पतन देखिखने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) मनोनित हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको ।

**१५. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:**

(१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय सम्बन्धति स्थानीय तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(ङ) स्थानीय तहभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरीक तथा मानषिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको सद्धार, पुनःस्थापना, संरक्षण र व्ययवस्थापनमा समन्नवय, सहयोग र सहजीकरण गर्ने,

(च) आफ्नो स्थथानीय तहका वडा, विद्यालय, संरचनालाई बादमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(छ) बाल अधिकारका सं.रक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणलीको विकास, सञ्जाल, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(झ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ञ) स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल सं.रक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकताअनुसार कार्यक्रम सञ्चालन गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकुल प्राथमिकता निर्धारण थरी बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ठ) स्थानीय तहमा बालबालिकका खोजतलास नं. १०४ ततथा बाल हेल्पलाइन न... १०९८ (दश,नौ,आठ) नेपालल सञ्चाजन सेवा अभिवृद्धिमा सममन्वय, सहयोग र ससहहजीकरण गर्ने,

(ड) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्रि तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरीक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ढ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(ण) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनः स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(त) स्थानीय तहभित्र हुन सक्ने बाढी, पहिरो, हुरीबतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा व्यवस्थापनमा सहयोग गर्ने,

(थ) स्थानीय तहभित्र सञ्चालित बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुन : स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिथाका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरुको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त चएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाके वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छन,

(३) बालक्लव गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचालित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुन : स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,

(६) उपखण्ड (५) मा उल्लिखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कामय गरिएको छ वा छैन,

(७) बाल गृहमा आाश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्रथमिकताअनुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिककारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(९) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवशयकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:

स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :-

(१) समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य- सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम सहेका सदस्य सङख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिका बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको जयेष्ठ सदस्यले बैठकको अध्यक्ष्ता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य- सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानयि तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:

(१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिषक, चिकित्सक, बाल क्लवका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बडीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलकिो काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

१८. वडा स्तरीय बाल अधिकार समिति: (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यष र सदस्य रहनेछन् :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष १ जना - अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित दुई जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षक, सूचीकृत समाज सेवी सामाजिक कार्यकर्ता र बाल मनोविज्ञ, चिकित्सक वा स्टाफ नर्स गरी तिन जना - सदस्य

(ग) वडाको बालबालिका, शिक्षा र स्वास्थ्य इकाइ हेर्ने प्रमुख मध्ये अध्यक्षले तोकेको एक जना - सदस्य

(घ) वडा सतरीय बाल सञ्जालको अध्यक्ष - सदस्य

(ङ) वडा प्रहरी प्रमुख, नेपाल प्रहरी - सदस्य

(च) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थय तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) वडा सचिव सदस्य- सचिव

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा महुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा आधारभूत तह उतीर्ण गरेको,

घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागु औषध बिक्री, वितरण तथा ओसार पसार। सम्पत्ति शुद्धीकरण, राहदानी दुरुप्रयोग, अपहरण सम्बन्धी कसूर सङ्गठित अपराध, बालबालिका विरुद्धको कसूर, बाल अधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) मनोनित हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको,

(च) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको ।

(३) उपदफा (३) मा जेसुकै लेखेको भएतापनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरु तथा सञ्जालका प्रतिनिधिहरुका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

१९. वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अभिकार : (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरुको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन तथा अनुसन्धान गर्ने गराउने

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरुको संकलन गर्ने र रायसहित न्यायिक पठाउने (च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडास्तरमा बालश्रम, बाल विवाह, बेचविखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यहार,शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने

(ज) सावृजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरुको नक्सांकन गर्ने

(ञ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि बहुपक्षीय निकायहरुमा समन्वय तथा सहकार्य गर्ने

(ट) बडामा रहेका बालक्लव, सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल समितिमा पेश गर्ने

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरुको अनुगमन गरी स्चानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने

२०.. विद्यालय स्तरीय बाल संरक्षण समितिः

(१) प्रत्येक विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा तोकिएको व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा निम्न सदस्य रहेको एक विद्यालय स्तरीय बाल संरक्षण समिति गठन गरिनेछ :

(क) अध्यक्ष वा निजले तोकेको सदस्य १ जना अध्यक्ष

(ख) अभिभावक शिक्षक संघबाट प्रतिनिधित्व गर्ने सदस्य (एक महिला र एक पुरुष) २ जना सदस्य विद्यालयभित्रको बाल क्लब प्रतिनिधि (एक बालिका र एक बालक) २ जना सदस्य

(ग) विद्यालयमा अध्यापनरत शिक्षक प्रतिनिधि (महिला) १ जना सदस्य प्रधानाध्यापक वा निजले तोकेको शिक्षक १ जना सदस्य सचिव

(२) विद्यालय बालसंरक्षण समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको विद्यालय सुधार योजनामा बालबालिका र बाल अधिकार सम्वन्धि योजना, निति तथा कार्यक्रमहरुको समावेश गर्न सुझाव प्रदान गर्ने ।

(ख) विद्यालयमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

(ग) विद्यालयमा शिक्षक, अविभावक, विद्यार्थी तथा आगन्तुकहरुका लागि आचार संहिताको निर्माण र कार्यान्वयन गर्ने ।

(घ) विद्यालयमा बाल अधिकार र बाल संरक्षणको अवस्थाको अनुगमन गर्ने ।

(ङ) विद्यालयमा बालबालिकाहरुको उजुरी, सुझाव र गुनासोका लागि सुझाव पेटिकाको व्यवस्था र नियमित सुनुवाई सञ्चालन गर्ने ।

(च) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने, सुनुवाइ गर्ने, सुनुवाइ गर्ननसकिने उजुरीहरुका बारेमा राय सहित बाल अधिकार समिति तथा न्यायीक समितिमा पठाउने ।

(छ) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रमहरु गर्ने गराउने ।

(ज) बालमैत्री विद्यालय प्रवर्द्धनका कार्यक्रमहरु निर्माण र सञ्चालन गर्ने ।

(झ) सामाजिक लेखापरिक्षणका समयमा विद्यालयबाट सम्पन्न बाल अधिकार तथा बालबालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजि क्षेत्र तथा अन्य संरक्षणका कार्यहरुको प्रगती विवरण सार्वजनिक गर्ने ।

(ञ) सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

(ट) बिद्यालयमा रहेका बालक्लव/समुह तथा सन्जालको सुची तयार गरी वडा बाल अधिकार समितिमा पेश गर्ने ।

(ठ) बाल क्लब गठन, पुर्नगठन, परिचालन र उनीहरुको क्रियाकलापमा सहयोग गर्ने ।

## परिच्छेद ७

## बाल कल्याण अधिकारी

२१. बाल कल्याणअधिकारीको नियुक्तीः

(१) भागेश्वर गाउँपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी स्थानीय तहको कर्मचारी पदपुर्ति पक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म भागेश्वर गाउँपालिकालेमहिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारी स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

२२. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबात स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय तह बाल अधिकार समितिलाई आावश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) स्थानीय तहभित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्नैसबै बालबलबालिकाले प्रप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका कसूरबात पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक विमर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) खण्ड (घ) मा उल्लेखित बालबालिकाको सहायताका लागि यस नियमावली बमोजिम जारी हुने निर्देशिका तथा मापदण्डमा उल्केख भए बमोजिमको अन्य कार्य गर्ने ।

(छ) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/भर्मपुत्रीका रुपमा योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।

(ज) बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(झ) ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको बैकल्पिक हेरचाहको व्यवस्था, पुनस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकुल, गुम्बा, मदरसा,चर्च जस्ता आवारीय गसहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(ञ) स्थानीय तहमा भएका बालअधिकार उल्लंघन सम्बन्धित घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ट) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ठ) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थाामा पेश गर्ने ।

(ड) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ढ) बालबालिकाको गोपनियताको हकको उललंघन नहुने गरी खण्द्ध (ग),(झ),(ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृत्रिमा प्रकाशन गर्ने र साको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनधित्र प्रवेश बाल अधिकार समिति र राष्टिंय बाल अधिकार परिषदमा पेश गर्ने ।

(ण) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(त) समितिकाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

परिच्छेद ७

बाल मनोविज्ञ वा मनोसामाजिक बिमर्शकर्ता, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

२३. समाजसेवी तथा बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको सूची तथा नियुक्ती:

(१) स्थानीय तहमा रही समाजसेवी तथा बालमनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्तालाई सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचक जारी गर्नेछ ।

(३) समाजसेवी तथा बाल मनोविज्ञ वा मनोसामाजिक विर्मशकर्ताको रुपमा काम गर्न क्ष्च्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित स्थानीय बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा स्थानीय बाल अधिकार समितिले तोकेको न्युनतम योग्यता पुगेका निवेदकहरुलाक्ष् समाजसेवकिा रुपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तइग, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा स्थानीय तहले तोके बमेजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक स्थानीय तहले व्यवस्था गर्नेछ ।

२४. सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरण:

(१) स्थानीय तहमा रही बालबालिकाको हक,हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि ईच्छुक सामाजिक स.स्थाहरु स्थानीय तहमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्दछ ।

(२) उपदफा (१) सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।

(३) स्थानीय तहमा सूचीकृत हुन क्ष्च्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनु र्निछ ।

(४) उप-दफा (३) बमोजमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरुलार्क्ष सेवा प्रदायक निकायको रुपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलार्क्ष समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद ८
## बाल कोष

२५. बालकोष: (१) विशेष संरक्षणका आवश्यकता भएका जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ भागेश्वर गाउँपालिका स्तरमा एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) भागेश्वर गाउँपालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट

(ख) संघसंसथाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने दान, दातव्य तथा चन्दा सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिकाविरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) अन्य तोकिएका आम्दानी

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापर्ना मध्यपान, धुम्रपान जस्ता व्यापारिक प्रतिष्ठानहरुबाट प्राप्त हुने सहयोगलाई स्वीकार गरिनेछैन ।

२६. कोषको प्रयोग प्रयोजन: देहाय बमोजिमको प्रयोजनको लागि बालकोषको प्रयोग गर्न सकिनेछ :-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपकालीन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि देहाय अनुसारको कागजात पेश गनुपर्नेछ ।

(क) सहयोग माग सम्बनधी निवेदन

(ख) सम्वन्धित वडाको सिफारिस

(ग) जन्मदर्ता

(घ) जन्मदर्ता नहुने बालबालिकाको हकमा मान्यता प्राप्त चिकित्सकबाट उमेर निर्धारण गरेको कागज

२७. बालकोषको खर्चका सीमा:

(१) बालकोषको रकम देहायका अवस्थामा स्थानीय बाल अधिकार समितिको निर्णयबाट खर्च गर्न सकिने छ :

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रु. १० हजार सम्मको घर फिर्ता तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवाज, मनोविमर्श, यातायात तथा कानूनी सहाायतामा लाग्ने खर्च अधिकतम रु.२५ हजार सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रु.५ हजार सम्म

(२) बालकोषलाई तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन ।

२८. कोषको खाता सञ्चालन: (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपलफा १ बमोजिमको खाता सञ्चालनका लागि भागेश्वर गाउँपालिकाको हकमा प्रमुख प्रशासकिय अधिकृत जुनसुकै केरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

२९. कोषको लेखा र लेखा परीक्षण: (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**बालबालिकाको तथ्याङ्क व्यवस्थापन तथा स्थिती प्रतिवेदन**

स्थानीय पालिकाले बालबालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरिने:

(१) स्थानीय पालिकाले आफ्नो नगरपालिका भित्र रहेका बाल अधिकार तथा बालबालिका सम्बन्धी विषयमा देहाय बमोजिमको खण्डिकृत सूचना संकलन तथा व्यवस्थापन गर्नेछ:-

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरुको सूचना संकलन

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरुको सूचना

(ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

(घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

(च) बालबालिका बिरूद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

(ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

(ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका)

(ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण

(ड) स्थानीय तहमा रहेका बालगृह, पुन:स्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरु र आश्रित बालबालिकाको विवरण

(ढ) श्रममा रहेका वा श्रमका लागी स्वदेशका अन्य स्थान वा विदेशमा रहेका बालबालिका सम्बन्धी विवरण
(ण) बालबालिका लक्षित लागु पदार्थ दुर्व्यसनी उपचार र पुनर्स्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण
(त) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण
(थ) विपदबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

२. सूचना संकलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ ।

३. सूचना संकलन तथा व्यवस्थापनका लागि नगरपालिकाको सम्बन्धित विषयगत शाखा तथा महाशाखा, नेपाल प्रहरी तथा परिषद् लगायतका सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

४. सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि परिषद्ले निर्माण गरेको बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CRIMS) को प्रयोग गरिनेछ ।

५. तथ्याङ्कहरुको प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी दुई पटक अद्यावधिक गरिनेछ।

६. बालकल्याण अधिकारीले यस दफा बमोजिम संकलन गरिएको तथ्याङ्कहरुको एकिकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा सथानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन गरिनेः

(१) स्थानीय पालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरुको व्यवस्थापन सम्बन्धी सूचनाहरुको अभिलेखीकरण गरिनेछ ।

(२) घटनाहरुको व्यवस्थापन प्रकृयालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली (ऋएक्ष्क) को प्रयोग गरिनेछ ।

(३) स्थानीय पालिकाका आएका बालसंरक्षण सम्बन्धी घटनाहरु बालकल्याण अधिकारीसमक्ष प्राप्त हुने वित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रकृया सम्बन्धी देहाय बमोजिमका सूचनाहरुको अभिलेखीकरण गरिनेछः-

(क) बालबालिकाको व्यक्तिगत विवरण
(ख) बालबालिकाको पारिवारिक विवरण
(ग) घटना सम्बन्धी विवरण
(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा सम्बन्धी विवरण
(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण
(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरुको विवरण
(छ) समापन गरिएका घटनाहरुको विवरण

(४) उपदफा (३) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

६६. बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन गरिनेः-

(१) दफा ६६ तथा दफा ६७ बमोजिम स्थानीय बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरुको आधारमा स्थानीय बाल अधिकार समितिले नगरपालिकामा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा प्रकासन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रकासन गर्नुपूर्व कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

परिच्छेद ९

सार्वजनिक जानकारी र अनुगमन सम्वन्धि व्यवस्था

३०. यस कार्यविधिको सार्वजनिक जानकारीका लागि भागेश्वर  गाउँपालिकाले प्रकाशन गर्ने राजपत्रमा प्रकाशित गरिनेछ र गाउँसभाका प्रत्येक सदस्य, गाउँपालिकाभित्रका सबै विद्यालय, संघ संस्था तथा प्रहरी कार्यालय र स्वास्थ्य संथाहरुमा एक पटकको लागि निःशुल्क वितरण गरिनेछ ।

३१. सुचनाको हक प्रयोग गरी यस कार्यविधिको बारेमा जानकारी माग्न आएमा फोटोकपीको लाग्ने शुल्क लिइ उपलब्ध गराइनेछ ।

३२. यस कार्यविधिलाई गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमार्फत सार्वजनिक रुपमा उपलब्ध गराइनेछ

३३. सार्वजनिक सुनवाइका क्रममा गाउँपालिकाबाट पेश हुने प्रतिवेदनमा यस कार्यविधि अनुसार कार्यान्वयनको र प्रगती प्रतिवेदनको अवस्था समावेश गरिनेछ ।

३४. यस कार्यविधिको कार्यान्वयनको अनुगमन गर्न गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा कार्यपालिका सदस्य महिला १, सामाजिक विकास समिति संयोजक, प्रमुख प्रशासकिय अधिकृत र योजना तथा अनुगमन शाखा प्रमुख सदस्य सचिव रहेको ५ सदस्यीय अनुगमन समिति गठन गरिनेछ ।

३५. अनुगमन समितिले चौमासिक रुपमा कार्यविधिको कार्यान्वयन अवस्था अनुगमन गर्नेछ र गाउँसभामा प्रगती प्रतिवेदन पेश गर्नेछ ।

परिच्छेद -१०

विविध

३६. स्रोतको व्यवस्थापनः भागेश्वर  गाउँपालिका तथा बडाले बाल अधिकारको स्ररक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ

३७. प्रोत्साहन पुरस्कारको व्यवस्था: बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा रल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई भागेश्वर  गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ

३८. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार कोन्ज्यासोम गाउँकार्यपालिकालाई हुनेछ ।

३९. संसोधन गर्न सकिने: यस कार्यजिधिलाई भागेश्वर  गाउँपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

४०. खारेजी र बचाउ: यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमति प्रदेश, प्रदेश सरकारको कानुनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन् र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

४१. यसै कार्यविधि बमोजिम भए गरेको मानिने: भागेश्वर  गाउँपालिकाले यो कार्यविधि लागू हुनुभनदा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविभि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सर्म्द्धन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

<u>अनुसुचीहरु :</u>

अनुसुची १ : विद्यालयमा लागु हुने आचार संहिताको नमुना
अनुसुची २ : बाल अधिकार समिति तथा न्यायीक समितिमा उजुरी दिने निवेदनको ढाँचा
अनुसुची ३ : बाल अधिकार समितिले राख्ने घट्ना विवरणको अभिलेख फारम
अनुसुची ४ : बाल क्लब/समुह दर्ताका लागि दिइने निवेदनको नमुना
अनुसुची ५ : बाल क्लब/समुह गठन तथा कार्य सञ्चालन निर्देशिका .... (विधान) नमुना
अनुसुची ६ : दर्ता भएका बाल क्लबलाई दिइने प्रमाणपत्रको ढाँचा
अनुसुची ७ : बाल क्लब सूचीकरणको दर्ता किताबको नमूना
अनुसुची ८ : बाल क्लब सूचीकरणको नविकरणको दर्ता किताबको नमूना

अनुसुची १ :

विद्यालयमा लागु हुने आचार संहिताको नमुना बिद्यालयसँग सम्बद्ध सरोकारवाला हरुको आचार संहिता (नमुनाका लागि)

१. शिक्षक तथा कर्मचारी (Teacher and Staff):–

क) बालबालिकासँग सँधै मीठो बोल्ने र उत्साहजनक कुरा गर्दै सकारात्मक, स्नेहपूर्ण आपसी सम्मानपूर्ण व्यवहार गर्नेछौं,

ख) आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरी बालमैत्री शिक्षण सिकाई अवलम्वन गर्नेछौं,

ग) कुनै पनि बालबालिकाहरुलाई शारीरिक र मानसिक दण्ड तथा सजाय नदिई सधैं कक्षा कोठामा आफुले पढाएको पाठ सबै विद्यार्थीले वुझेको सुनिश्चित गर्नेछौं,

घ) वालमैत्री व्यवहार गर्नेछौं । विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं । शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्न मद्धत गर्नेछौं

(ङ) विद्यालय र समुदाय विच सहसम्बन्ध कायम गरी काम गर्नेछौं ।

च) विद्यालयलाई राजनीतिक गतिविधि काम हुनबाट अलग राखी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न सहयोग गर्नेछौं ।

छ) समयमै पाठ्यक्रमको अध्यापन पाठ योजना बमोजिम गर्न नियमित कक्षा प्रभावकारी रुपमा अध्यापन गर्नेछौं ।

ज) पढाई लेखाईमा कमजोर भएका वा अन्य कुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नामबाहेक, होच्याउने खालका अन्य नाम र उपनाम दिई बोल्ने वा भन्ने कुरालाई पूर्ण रुपमा बन्द गर्नेछौं । कुनै पनि बालबालिकालाई कुट्न, पिट्न वा हप्काउने कार्य आफूले पनि नगर्न र अरु कसैलाई पनि गर्न हुदैन भनी सम्झाउने बुझाउने गर्नेछौं ।

झ) विद्यालयहाता भित्र धुमूपान, मद्यपान तथा लागु औषध सेवन तथा ओसार पसार गर्ने र गराउने छैनौं ।

ञ) पाठ्यक्रम अनुसार बालबालिकालाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन प्रतिवद्ध रहने छौं ।

२. विद्यार्थी **(Student):–**

क) विद्यालयमा नियमित उपस्थित भई अनुशासित रुपमा विद्यालयका प्रत्येक गतिविधिमा सक्रिय सहभागी हुनेछौं ।

ख) विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं । अभिभावक, शिक्षक र ठूला साथीहरुलाई आदर र सानालाई माया गर्नेछौं ।

ग) शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्नेछौं ।

घ) नियमित अनुशासित भई कक्षाकार्य तथा गृहकार्य पूरा गर्न लगायत अध्ययनशील भई अध्ययन गर्नेछौं

(ङ) आफ्नो साथी, भाइ, दाइ, दिदी, बहिनीको वास्तविक नाम भन्दा अरु नाम वा उपनाम दिएर सम्बोधन गर्ने वा बोल्ने बानी छोड्ने वा पूर्ण रुपमा त्याग्ने काम गर्नेछौं ।

च) बालक्लब वा समूहमार्फत बालअधिकारका कुरा र विषयको सम्वर्धन गर्न, प्रचार प्रसार गर्नेछौं ।

छ) विद्यालयहाता भित्र धुमूपान, मद्यपान तथा लागु औषध सेवन तथा ओसार पसार गर्ने र गराउने छैनौं ।

३. विद्यालय प्रशासन **(School administrative) :–**

क) विद्यालयमा शान्तिपूर्ण, सुरक्षित, भयरहित वातावरणमा पठनपाठनको व्यवस्था गर्नेछौं ।

ख) शिक्षक विद्यार्थीलाई विद्यालयमा नियमित आउने वातावरण तयार गर्नेछौं ।

ग) विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदाय बीच सुमधुर सम्बन्ध विकास गर्नेछौं ।

घ) बालबालिकाको वास्तविक नाम भन्दा अन्य नामबाट सम्बोधन गर्न वा बोल्नबाट प्रतिबन्ध गर्नेछौं ।

(ङ) अध्ययन अध्यापनलाई शारीरिक र मानसिक दण्ड वा सजाय दिएर गर्ने प्रचलन वा प्रवृत्ति भए त्यस्तो कार्यलाई तत्काल निषेध गर्न र आवश्यक कारबाहीमा सहयोग गर्नेछौं ।

४. विद्यालय व्यवस्थापन समिति **(School Management Committee):–**

क) बालमैत्री बनाउन विद्यालयको भौतिक संरचना (खेल मैदान, सुरक्षित भवन, कक्षाकोठा, शौचालय, खानेपानी, खेल सामाग्री) निर्माण एवम् व्यवस्था गर्न मद्धत गर्नेछौं ।

ख) बालमैत्री पठनपाठन व्यवस्थापनको निम्ति आवश्यक व्यवस्था गर्न मद्धत गर्नेछौं ।

ग) बीचमै विद्यालय छाड्ने विद्यालय उमेरका बालबालिकालाई पुनःभर्ना गर्न प्रेरित गर्नेछौ ।

घ) बाल संरक्षण कार्यविधि कार्यन्वयनको अनुगमन प्रतिवेदनलाई सम्वोधन गर्न गर्नेछौं ।

(ङ) विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदायबीच सुमधुर सम्बन्ध विकास गर्न मद्धत गर्नेछौं ।

च) अनुशासन वा पढाई लेखाईको नाममा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड वा सजाय दिने शिक्षकलाई आवश्यक कारबाही गर्न सहयोग गर्नेछौं ।

छ) पढाई लेखाईमा कमजोर भएका वा अन्यकुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नाम बाहेक, होच्याउने खालका अन्य नाम र उपनाम प्रयोग गर्ने अभ्यासलाई निरुत्साहित गर्न मद्धत गर्नेछौं । विद्यालयप्रति अपन्वत्व भावना अभिबृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रमको संचालननका लागि प्रतिवद्ध रहने छौ ।

५. अभिभावक **(Parent):–**

क) बालबालिकालाई नियमित र समयमा विद्यालय पठाउनेछौं ।

ख) बालबालिकाको हेरचाह, पोषण र सरसफाईमा ध्यान दिनेछौं ।

ग) बालबालिकाको इच्छा र भावना बुझी व्यवहार गर्नेछौं ।

घ) बालबालिकालाई शैक्षिक सामग्री (झोला, किताव, कापी, कलम आदि) को ब्यवस्था मिलाई खाजा सहित विद्यालय पठाउनेछौं ।

(ङ) विद्यालयमा समय-समयमा उपस्थित भई आफ्ना बालबालिकाको समग्र गतिविधि बुझ्न र आवश्यक परामर्श दिनेछौं ।

च) बालबालिकालाई कुनै पनि बहानामा शारीरिक वा मानसिक पीडा, दण्ड वा सजाय पूर्ण रुपमा तत्काल निषेध गर्नेछौं ।

छ) बालबालिकाको वास्तविक नाम बाहेक होच्याउने वा पीडा दिने मनसायले त्यस्तो नाम भन्ने वा बोल्ने प्रवृत्तिलाई तत्काल निषेध गर्नेछौं ।

ज) विद्यालयले आयोजना गरेको अभिभावक भेला तथा बैठकमा उपस्थिति हुने र आवश्यकता अनुसार सहयोग गर्नेछौं ।

झ) बिद्यार्थी प्रगति विवरण वुझ्न नियमित रुपमा विद्यालयमा उपस्थिती हुनेछौं ।

ञ) वालवालिकालाई वाल श्रम शोषण गर्ने छैनौ ।

६. समुदाय **(Community):–**

क) समुदायमा हुने गरेको विकृति (बालविवाह, हिंसा, श्रम शोषण, दुर्व्यवहार, विभेद) रोक्न सहयोग गर्नेछौं ।

ख) विद्यालयमा बाल संरक्षणको निम्ति आवश्यक सहयोगको वातावरण कायम गर्नेछौं ।

ग) बालबालिकालाई पीडा दिने, होच्याउने, हेप्ने खालका नाम वा शब्द बोल्न, भन्न वा प्रयोग गर्न तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।

घ) शारीरिक र मानसिक दण्ड वा सजाय दिएर अध्ययन अध्यापन गर्ने प्रचलन वा प्रवृत्तिलाई तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।

अनुसुची २ :

स्थानीय बाल अधिकार समिति तथा स्थानीय न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

भागेश्वर  गाउँपालिका स्थानीय बालअधिकार समिति

उजुरी निवेदन फारामको ढाँचा

मिति ......................

१. विद्यार्थीको नाम थर ............................. (आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा.................. ( आफूलाई कक्षा लेख्न मन नलागे मा नलेख्दा हुने)

३. बिद्यालयको नाम ...........................................

४. उमेर ..........................

५. लिङ्ग ................

६. गुनासो तथा घटना .....................................

७. घटना घटाउने व्यक्ति .......................................

८. घटनाको प्रकृति ........................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ..........

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

......................................................................................................................................

......................................................................................

निवेदकको दस्तखत (दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

अनुसुची ३ :

बालअधिकार समितिले राख्ने घट्ना विवरणको अभिलेख फारम भागेश्वर गाउँपालिका स्थानीय बालअधिकार समिति घटना विवरणको अभिलेख नमुना

क्र. सं. घटनाको प्रकृति घटनाको पत्रसङ्ख्या कोड)

वडा छात्रा छात्र गुनासोकर्ताको उमेर समूह सम्बोधनको अवस्था कैफियत

१० वर्षभन्दा कम

१०- १४ वर्ष

१४ देखि माथि १८ वर्षसम्म भइ सकेको सम्बोधनको क्रममा नभएको भए कारण सम्प्रेषण गरिएको निकाय

१.

२.

३.

४.

५.

अनुसुची ४

बालक्लव/ सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ,
भागेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
चौघरे, ललितपुर ।

विषय : बालक्लव सूचिकृत/आवद्धता गरी पाऊँ

महोदय,

हामीले .......................... नामको बालक्लव खोल्न चाहेकोले ............................ स्थानीय तहबाट स्विकृत " बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद ५ (९) ले गरेको व्यवस्था " बमोजिम क्लव सुचिकृत/ आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौँ ।

प्रस्ताविक क्लवको निर्देशिकाको एक प्रति, सिफारिश, बालक्लव आवद्दता अभिलेख फारम र क्लवका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहर

१) अनुसूची ४ अनुसारको निवेदन
२) अनुसूची ५ अनुसारको विधान २ प्रति
३) बालक्लवको निर्णय
४) विद्यालयको हकमा विद्यालयको सिफारिस
५) बडाको सिफारिस
६) बालक्लवको कार्यसमितिको बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

अनुसूची ५

........................................ बाल समूह वा क्लव ................................................................... को

गठन तथा कार्य संचालन निर्देशिका २०८........... (विधान)

प्रस्तावना :

राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकाले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सास्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यो निर्देशिका तर्जुमा गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

यस विधानको नाम "..................... बाल समूह क्लव गठन तथा कार्य संचालन निर्देशिका २०७ रहने छ । यो विधान ...................... पालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ ।

२. कार्यालय : यस विधान बमोजिम गठित .................. बाल समूह/क्लव.............. को कार्यालय जिल्ला.......... गा.पा.वडा नं. .............. स्थित ...................स्थानमा रहनेछ ।

३. ठेगाना : यस बाल समूह/क्लवको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछ :

..........................................................................................................

४. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "क्लव" भन्नाले यस विधानको धारा ५ अनुरुप गठित क्लव जनाउने छ । यो क्लव ................ गाउँपालिका आवद्दता भएको बाल क्लवलाई जनाउनेछ ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ ।

५. उद्देश्य एवं कार्यहरु

यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन् :

(क) बालबालिकाहरुको शारीरिक, मानषिक, सामाजिक, संवेगाात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तराष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिवृद्धि गर्ने ।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने

(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि

(च) बाल अधिकार सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्ने ।

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु ।

(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउनु ।

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांकसंकलन गर्नु ।

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्नु ।

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थको विषयमा सन्देश बाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरुसँग सम्बन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाब मुक्त क्षेत्र बनाउने लगायतका विषयमा समाजमा जानकारी एवमं सो को निराकरणका लागि चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपनन,द्वन्द एवं. दैवी प्रकोपबाट पीढ्रित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।

(त) अन्य बाल समुहहरु वा निकायसंग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचननात्मक कार्यक्रमहरु संचालन गर्ने ।

(द) प्राकृतिक विपदका सम्बन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, बहुविवाह, अनमेल विवाह, जातीय भेदभाव एव. दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

६. बालक्लवको गठन :

६.१ बालक्लवको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लवको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन् :

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : कम्तिमा २ जना र बढीमा १० जनासमम

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

६.२ बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

७. सल्लाहकार :

बाल क्लवले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :

(क) पूर्व बाल क्लवको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्धान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु रहने छन् ।

८. संरक्षक :

बाल क्लवका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

८.१ विद्यालयमा एकजना शिक्षका संरक्षक र प्राध्नाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन् ।

९. पदावधि :

बाल क्लवको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुने पर्दाधकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लवले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

१०. पदाधिकारीको काम कर्तव्य र अधिकार :

पदाधिकारहिरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. क्लवको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. क्लवको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने लगाउने ।

३. क्लवको आम्लानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने राख्न लगाउने ।
४. क्लवको निर्णयको निर्देशन कायानयिन गर्ने गराउने ।
५. क्लवको प्रतिनिधि चयन गरी पठाउने वा समूहको पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।
६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।
७. सता दिन भन्दा बढढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलााई र उपाध्ययक्ष नभएमा आफू मध्ययेका वरिष्ठठ सदस्यलार्ई कायर्यवबहक अभ्यक्ष तोक्ने ।
८. बाल क्लव जिल्ला समन्वयय समितिसंग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसंग कार्यक्रमकको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।
९ तोकिएको अन्य कार्य गर्ने ।
ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
१. अध्ययक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।
२. तोकिएको अन्य काम गर्ने ।
ग. सचिवको काम, कर्तव्य र अधिकार : सचिवले प्रत्यक्ष निर्देशनमा रहि देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ :
१. क्लवको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. बालबालिका वा बाल क्लवसंग सम्बन्धित व्यक्तिको अभिलेख अद्यावधिक गर्ने ।
३. क्लवको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।
४. क्लवको बैठकको माइन्युट गर्ने , निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. क्लवको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।
घ. सहसचिवको काम, कर्तव्य र अधिकार :
१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।
ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :
१. क्लवको आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोवार सम्बन्धी जिम्मेवारी पूरा गर्ने ।
च. सदस्यको काम कर्तव्य र अधिकार :
१. बैठकमा सहभागी हुने ।
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको कार्य गर्ने ।
४. समूहको हित हुने अन्य रचननात्मक कार्य गर्ने ।
११. सदस्यता
अ. सदस्यताको योग्यता :
यस बाल समूहमा देहायका बालबालिका सदस्यय हुन पाउने छन् :
(क) उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको
(ख) स्थायी सरुवा रोग नलागेको ।
(ग) मगज नविग्रको वा बौलाहा नभएको ।
(घ समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।
आ. सदस्ययताको खारेज

(क) मगज विग्रेको वा बौलाहा भएमा ।
(ख) १८ वर्ष उमेर नाघेमा ।
(ग) मृत्यु भएमा ।
(घ) राजिनामा दिएमा ।
(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा ।
(च) सदस्यता नविकरण नभएमा ।
(छ) लगातार तीन पटक विना सूचना बैंठकमा अनुपस्थित भएमा ।
(ज) एक भन्दा बढी बाल क्लवको सदस्यता लिएको पाइएमा वा प्रतिधित्व गरेमा ।

१२. समूहका पदाधिकारीको उमेरको हद :
बाल क्लवका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा आठ वर्ष पुगेको हुनु पर्नेछ र १८ वर्ष सम्मको रहनेछ ।

१३. आरक्षण :
यस बाल क्लवमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिका हुनुर्पेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

१४. सदस्यता शुल्क तथा नविकरण :
(क) बाल क्लवको सदस्यता शुल्क वा नवीकरण शुल्क वा अनय कुनै शुल्क बाल क्लवले तोके बमोजिम हुनेछ ।
(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

१५. बैंठक :
बाल समूहले कम्तिमा महिनाको एक पटक बैठंक बस्नु पर्नेछ । बैंठकको गणपूरक संख्या ५१ % को उपस्थितिलाई मानिनेछ ।

१६. निर्णय :
बाल समूहको बैंठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।

१७. निर्वाचन :
बाल समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

१८. निर्वाचन अधिकृत :
बाल समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

१९. कोष :
(क) यस बाल समूहले आफ्नो नामबमट एउटा कोषको स्थापना गर्नेछ ।
(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न समूहले अध्यक्ष, कोषाध्यक्ष र संरक्षकको नामबाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिर्वाय रुपमा हुनु पर्नेछ । बाल समूह/ क्लवको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ तथा बैंक खाता खोल्नका लागि भागेश्वर गाउँपालिकाको अनिर्वाय सिफारिस लिनु पर्नेछ ।
(ग) कोषमा देहायको स्रोतबाट रकम जम्मा हुनेछ :
१.बालबालिकासँग सम्बन्धित निकायबाट प्राप्त सहयोग ।
२. सहयोग, उपहार ।
३. सदस्यता तथा नवकिरण शुल्क ।
४. सास्ककृतिक वा विविध रचनात्मक बार्यक्रमबाट उठेको रकम ।

५. समूहको प्रकाशनबाट प्राप्त हुने रकम ।
६. अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम ।
२०. प्रतिवेदन :

बाल समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन भागेश्वर गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२१. संशोधन :

यो निर्देशिका संशोधन गर्दा बाल समूहको साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित भई भागेश्वर गाउँपालिकाबाट स्वीकृत भएपछि यो निर्देशिका लागु हुनेछ ।

२२. बचाउ :

प्रस्तुत निर्देशिकामा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनिमयसँग बाँझिएमा बाँझिएको हदसमम यस निर्देशिकामा उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

२२. समूहको खारेजी वा विघटन :

कुनै कारणवश समूह खारेजीमा परेमा वा विघिटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति भागेश्वर गाउँपालिकाको संरक्षणमा सर्नेछ ।

२४. विविध :

१. साधारण सभा : समूहको साधारण सभा वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपुरक संख्या समूहका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. कार्यविधि बनाउने : निर्देशकाको उद्देश्य प्राप्तीको लागि समूहले आफूलाई आवश्यक पर्ने विनिमय बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन् । यो समितिको कार्यविधि बाल समूह/क्लवले निर्धारण गर्नेछ ।

४. अविश्वासको प्रस्तावः समूहको निर्देशिका विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।

५. समूहले आफ्नो निर्देशिका एवं पदाधिकारी सदस्य सहितको नामावली भागेश्वर गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## अनुसूची १
## समूहको छाप

(समूहको छापमा समूहको नाम, स्थान, वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ) र लोगो क्लवले निर्णय गरेअनुरुप हुनेछ ।

## अनुसूची २
## समूहका कार्यसमितिका पदाधिकारीहरु

| क.सं. | पद नाम, थर | पुरा ठेगाना (गा.वि.स./न.पा., वडा र टोल) | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| अध्यक्ष | | | | |
| उपाध्यक्ष | | | | |
| सचिव | | | | |
| सहसचिव | | | | |
| कोषाध्यक्ष | | | | |
| सदस्य | | | | |
| सदस्य | | | | |
| सदस्य | | | | |
| सदस्य | | | | |
| सदस्य | | | | |
| सदस्य | | | | |

नोट :

१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ ।

२. समुहका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

३. निर्देशिका बमोजिम आबद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्बन्धित न.पा./गा.पा.वा विद्यालय वा सम्बन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिस संलग्न हुनु पर्ने छ। सिफारिस साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन भागेश्वर गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

४. यस निर्देशिकाको प्रतिबद्धताको लागि बाल समूहको कार्य समितिका सम्पूर्ण पर्दाधिकारीहरुले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ ।

५. आबद्धता वा सूचिकृत गर्दा दुई प्रति निर्देशिका रितपूर्वक तयार गरी पेश गर्नु पर्नेछ ।

अनुसूची ६
दफा ५(९) सँग सम्बनिधत
बालक्लव दर्ता/ सूचिकृत प्रमाणपत्रको नमुना

भागेश्वर गाउँपालिका
निशाना छाप गाउँपालिकाको कार्यालय, बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश प्रदेश
नेपाल
प्रमाणपत्र/सूचिकृत प्रमाणपत्र

आवद्धता नं.
श्री ............................................... बालक्लव/बालसञ्जाल
.......................................................................
डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका ........................ वडा नं. .................... को ........................ विद्यालय/समुदायमा गठन भएका ......................... बालक्लव/सञ्जाललाई यस ....................पालिकामा आवद्धता गरी बालमैत्री, बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०८० को परिच्छेद ५(९) ले व्यवस्था गरेअनुसार दर्ता / सूचिकृतको प्रमाण पत्र प्रदान गरिएको छ।
बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्बन्धी कानुनहरुको अधिनमा रही यस भागेश्वर गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं।

प्रमाणित गर्ने
नामः
पद :
दस्तखत

अनुसूची ७

भागेश्वर गाउँपालिका

सुदूरपश्चिम प्रदेश

बालक्लव सुचिकरणको दर्ता किताब

| क.सं. | बालक्लवको नाम | ठेगाना | बालक्लवमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सुचिकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची ८
भागेश्वर गाउँपालिका
सुदूरपश्चिम प्रदेश
बालक्लव सुचिकरण नविकरणको दर्ता किताब

| क.सं. | बालक्लवको नाम | ठेगाना | बालक्लवमा सदस्य संख्या | | संरक्षक को नाम | स्थथापना मिति | सुचिकृत नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## नेपालको संविधान र वाल अधिकार

धारा ३९ : वालअधिकारको हक

१ प्रत्येक वालवालिकालाइ आफनो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

२ प्रत्येक वालवालिकालाइ परिवार तथा राज्यवाट शिक्षा स्वास्थ्य पालन पोषण उचित स्याहार खेलकुद मनोरन्जन तथा सर्वागिण व्यक्तित्व विकासको हक हुनेछ।

३ प्रत्येक वालवालिकालाइ प्रारम्भिक वाल विकास तथा वाल सहभागिताको हक हुनेछ।

४ कुनै पनि वालवालिकालाइ कलकारखाना खानी वा यस्ते अन्य जोखिमपुर्ण काममा लगाउन पाइने छैन

५ कुनै पनि वालवालिकालाइ वालविवाह गैरकानुनी ओसार पसार र अपहरण गर्न वा वन्धक राख्न पाइने छैन

६ कुनै पनि वालवालिकालाइ सेना प्रहरी वा सशस्त्र समुहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार उपेक्षा वा शारीरिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन

७ कुनै पनि वालवालिकालाइ वाल अनुकुल न्यायको हक हुने छ।

८ असहाय अनाथ अपांगता भएका द्धन्द्ध पीडित विस्थापित एवं जोखिममा रहेका वालवालिकालाइ राज्यवाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

९ उपधारा (४)(५)(६)र (७) विपरितका कार्य कानुन वमोजिम दण्डनिय हुनेछन र त्यस्तो कार्यवाट पीडित वालवालिकालाइ पीडकवाट कानुन वमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ।

यसका अतिरिक्त संविधानका तल उल्लेख भए लगाएतका धाराहरु वालवालिकाका लागी पनि आकर्षित हुन्छन

धारा १८ समानताको हक

धारा २० न्याय सम्वधी हक

धारा २९ शोषण विरुद्धको हक

धारा ३१ शिक्षा सम्वन्धी हक

धारा ३५ स्वास्थ्य सम्वन्धी हक

धारा ४० दलितको हक

धारा ४२ सामाजिक न्यायको हक

धारा ४३ सामाजिक सुरक्षाको हक

धारा ५१ राज्यका नीतिहरु

झ) वालश्रम लगायत श्रमशोषणका सवै रुपको अन्त्य गर्ने

ञ) वालवालिकाको सर्वोत्तम हितलाइ प्राथमिक रुपमा ध्यान दिने

वालवालिका सम्वन्धी विभिन्न सचेतना कार्यक्रमहरुमा प्रयोग गर्न सकिने केही सन्देशहरु

वलवालिकाको संरक्षण गर्दै वालअधिकारको सम्वद्धन प्रवद्धन गर्नु हामी सवैको दायित्व हो

- वालवालिकामाथि हिंसा दुर्व्यवहार यौन शोषण श्रमशोषण भएको छ ।वालअधिकारको उल्लंघन भएको छ भने वाल हेल्पलाइनको पैसा नलाग्ने फोन १०९८ मा खवर गरौ
- वालवालिकालाइ डर वल करले हैन रहरले नै अनुशासीत हुन सिकाऔ ।
- वालवालिका माथि जो कसैवाट हिंसा दुर्व्यवहार हुन सक्छ त्यसैले सावधान रहौ, वालवालिकालाइ पनि सतर्क रहन सिकाऔ
- आफन्त हुन या चिनेजानेका पा पराइ जो सुकैले असजिलो लाग्ने गरि छोएमा वालवालिकालाइ हुन्न अर्थात नाइ भन्न सिकाऔ त्यस्ता कुरा नलुकाउन सचेत गराऔ सहयोग गरौ ।
- आफनो घर व्यवसायमा वालवालिकालाइ श्रममा नलगाऔ अरुलाइ पनि वालश्रम प्रयोग नगर्न सुचित गरौ
- वालवालिकामाथि हिंसा दुर्व्यवहार भएको घटना लुकाउनु भनेको वालवालिकालाइ अझ वढी जोखिममा पार्नु हो तुरुन्त उजुरी गरौ वालवाललिकाको संरक्षण गरौ ।
- जोखिम परिस्थितिमा रहेका वालवालिकाको उद्धार तथा पुनस्थापनाका लागी सहयोग गरौ
- अपागता भएका वालवालिकाको विशेष आवश्यकतालाइ प्राथमिकता दिऔ उनिहरुको विशेष क्षमतालाइ प्रोत्साहित गरौ
- वालवालिका हराएमा वा अलपत्र वेवारिस फेला परेमा वालवालिका खोज तलास समन्वय केन्द्रको निशुल्क फोन नं १०४ मा खवर गरौ ।
- वालवालिकालाइ श्रमशोषण हुनवाट जोगाऔ जोखिममा रहेका वालवालिकाको उद्धार र पुन स्थापनामा सहयोग गरौ ।
- कुरिति छ जताततै हिमाल पहाड तराइ आजैवाट रोकौ सवै मिलि वाल विवाहलाइ
- वाहुन क्षेत्री हुन या दलित जनजाती
- हिमाली पहाडी हुन या मधेशी
- यी सवै भन्दा माथि गर्व गरौ हामी हौ नेपाली
- नगरौ आपसी इर्स्या घृणा अनि भेदभाव कसैलाइ

**<u>आज्ञाले</u>**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका